**मैवाखोला राजपत्र**

**मैवाखोला गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड (१) साँघु, माघ २८ गते २०७९ साल (संख्या ६)**

**भाग- १**

# मैवाखोला गाउँपालिकाको आधारभूत स्वास्थ्य सेवा व्यवस्थित गर्न बनेको ऐन - २०७९

**गाउँसभाबाट स्वीकृत मितिः२०७९।१०।२८**

**राजपत्रमा प्रकाशित मितिः२०७९।११।०८**

प्रमाणीकरण मिति:२०७९\११\०८

**मैवाखोला गाउँपालिकाको आधारभूत स्वास्थ्य सेवा व्यवस्थित गर्न बनेको ऐन, २०७९**

प्रस्तावनाः- मैवाखोला गाउँपालिकाका नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्ने गाउँपालिकाको प्रमुख दायित्व भएकोले, सोको स्पष्ट कानुनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ को उपधारा ४ बमोजिमको अनुसूची ८ को बुदाँ नं. ९ मा उल्लेखित स्थानीय सरकारको अधिकारलाई कार्यान्वियन गर्न सोही संविधानको धारा २२६ को उपधारा १ तथा स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा १०२ अनुसार मैवाखोला गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित र कार्यान्वियन गर्न मैवाखोला गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. (क) संक्षिप्त नाम र प्रारम्भः- यस ऐनको नाम मैवाखोला गाउँपालिकाको आधारभूत स्वास्थ्य सेवा व्यवस्थित गर्न बनेको ऐन, २०७९ रहेको छ।

(ख) यो ऐन गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले मैवाखोला गाउँपालिकाको आधारभूत स्वास्थ्य सेवा व्यवस्थित गर्न बनेको ऐन, २०७९ लाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले मैवाखोला गाउँपालिका सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले मैवाखोला गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्धेश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ज) "समिति भन्नाले" दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवालाई सम्झनु पर्दछ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाइ, आयुर्वेद वा प्राकृतिक चिकित्सा केन्द्रलाई सम्झनु पर्दछ।

## परिच्छेदः- २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः-** स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन्।

(क) सरकारी वा सामुदायिकः- सरकारी वा सामुदायिक स्वमित्वमा सञ्चालन भएका आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(ख) निजिः- निजि क्षेत्रद्धारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिङ वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु, निजि स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभुत मापदण्डः-** स्वास्थ्य सेवा प्रदायकहरुको संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ।
१

५. **स्वास्थ्य सेवा तथा सरसफाई समिति गठन तथा काम, कर्तव्य र अधिकारः-** (१) मैवाखोला गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख, अनुगमन र नियमन गर्न गाउँपालिका स्तरीय स्वास्थ्य सेवा समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा समितिको गठन यस प्रकार हुनेछ।

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) सामाजिक विकास समिति संयोजक -सदस्य

(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य

(ङ) सभाका सदस्यहरु मध्येबाट कम्तिमा एक जना महिला सहित १ जना -सदस्य

(च) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना -सदस्य

(छ) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना -सदस्य

(ज) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना -सदस्य

(झ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा २ बमोजिम गठन भएको स्वास्थ्य तथा सरफाई समितिको काम,कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई नीति,योजना तथा कार्यक्रम तयार गर्ने।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सन्चालनका लागि अनुमति,स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजक बनाउने।

(घ) स्वास्थ्य संस्थाहरुको लागी आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने।

(छ) स्वास्थ्य सेवाका पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

(झ) तोकिए बमोजिम अन्य कार्य गर्ने।

**६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकारः-** (१) अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाइको (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्वस्थापनका लागि देहाका देहाय बमोजिमका सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिनेछ।

(क) सम्बन्धित वडाको वडा अधयक्षः- -अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्रमा क्रियाशील मध्ये वडा समितिबाट मनोनित महिला १ जनाः -सदस्य

(ग) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापकः -सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिवः -सदस्य

(ङ) सम्बन्धित स्वास्थ्य संस्था प्रमुखः -सदस्य सचिव

(२) सबै स्वास्थ्य संस्थाहरुको संरक्षक सम्बन्धित गाउँपालिकाको अध्यक्ष रहनेछ।

(३) उपदफा (१) बमोजिम गठित स्वास्थ्य व्यस्थापन समितिका काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछन्।

(क) भौतिक सम्पति संरचना, उपकरणहरुको संरक्षण सञ्चालन,व्यवस्थापन र रेखदेख गर्ने।

(ख) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने।

(ग) व्यवस्थापन समितिको नियमित बैठक गर्ने स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने।

(घ) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने।

(ङ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनक लागि सहजीकरण गर्ने।

(च) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(छ) केन्द्र, प्रदेश र स्थानिय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने।

**७. बैँक खाता सञ्चालनः** (१) हरेक स्वास्थ्य संस्थाले मैवाखोला गाउँपालिकामा रहेको कुनै पनि बैँकमा खाता खोल्न सक्ने छ।

(२) स्वास्थ्य संस्थाको बैँक खाता ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालय हुनेछ

(३) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ

## परिच्छेदः-३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

**८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्डः- (१)** गाउँपालिकाभित्र सञ्चालन हुने अस्पताल तथा स्वास्थ्य संस्थाहरुको सञ्चालन मापदण्ड देहाय अनुसार तोक्नेछ।

(क) अस्पतालः- संघीय सरकार वा प्रदेश सरकारबाट तोकिएको न्युनतम मापदण्ड र आफैँले तोकेको थप मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ। यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियामवली तर्जुमा गरी सञ्चालन गरिनेछ।

(२) स्वास्थ्य चौकीः गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तीमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी सञ्चालन गरिनेछ।

(क) जनशक्तिः स्वास्थ्य सहायक (हेल्थ असिस्टेन्ट) १ जना, अहेव २ जना, अनमी २ जना आवश्यकता अनुसार सहायक कर्मचारीहरु

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरण

(३) गाउँपालिका क्षेत्रभित्र जडीबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसंगको साझेदारीमा वा गाउँपालिका आफैँले कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ।

**९. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः-** गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पूरा गर्नुपर्नेछ।

(१) जनशक्तिः कम्तिमा २ जना एमविविएस डाक्टर, कम्तीमा ४ जना स्टाफ नर्स, कम्तीमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मी

(२) भवन तथा कोठा दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष र पार्किङ

(३) उपकरण र पुर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवा उपलब्धता,बिरामी राख्ने बेड र २४ घण्टा विद्युत र खानेपानी सेवा भएको अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने।

**१०. पोलिक्लिनिक सञ्चालनको अनुमतिः-** (१) गाउँपालिकाले आफ्नो कार्य क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्विकृति लिनु पर्नेछ।

**११. प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्विकृति लिनु पर्नेछ।

(१) सञ्चालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने स्थान, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी सम्झौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न ईच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत

**१२. फार्मेसी सञ्चालनको अनुमतिः- (१)** गाउँपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्नेछ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरण शैक्षिक प्रमाणपत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्नेछ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फर्मेसी संचालनको अनुमति दिन सक्नेछ।

(५) फार्मेसी सञ्चालनको अनुमति सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

**१३. मापदण्ड पुरा नगरेमा सजाय हुने:-** (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फर्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाएमा आधारभूत स्वास्थ्य तथा सरसफाई समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना (१००,०००) सम्म गराउने तथा स्वीकृति खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्नेछ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यतिले रगत, दिशा ,पिसाब, खकार लगायतको परिक्षणमा संलग्न भएको पाएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सोको आम जनतालाई जानकारी दिनु पर्नेछ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेकको अरुले औषधी बेचेको पाएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सक्नेछ।

**१४. सहुलियत र छुटको ब्यवस्था गर्नुपर्ने:** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशतमा सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

## परिच्छेद:-४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयमसेवा सम्बन्धी व्यवस्था

**१५. स्वास्थ्यकर्मी व्यवस्थापन:-** (१) गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागी ४ प्रकारका स्वास्थ्यकर्मीहरू रहने छन्:

(क) स्थायी: नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(ख) करार: स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(ग) अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थामा अध्ययनरत विधार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यन्त्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विधार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ। यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ।

(घ) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

**१६. अभियानकर्ता/ स्वास्थ्य स्वयं सेविकाको व्यबस्था:-** (१) स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुयाउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला समुदायिक स्वास्थ्य स्वयं सेविकाहरु नियुक्त गर्न सक्नेछ।

(२) महिला स्वास्थ्य स्वयं सेविका र पुरुष स्वास्थ्य अभियानकर्ताहरु नियुक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ, तर यस ऐन लागु हुनुभन्दा अघि नियुक्ति भएका स्वय सेविकाहरु यसै नियम अनुसार रहनेछ।

-स्वयं सेविकाहरुले दोहोरो सेवा सुविधा लिन पाईने छैन।

(३) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयं सेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ।

(४) प्रत्येक स्वयं सेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धी १० दिने आधारभूत तालिम प्राप्त गरेको हुनुपर्नेछ। गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ।

(५) यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वयं सेविकाहरु मध्ये निरक्षर र ५० वर्ष उमेर पुगेकालाई एकमुष्ट प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिनेछ र नयाँ नियक्ति गर्दा कम्तीमा १० कक्षा उतीर्ण व्यक्तिलाई मात्र नियुक्ति दिइने छ।

**१७. स्वास्थ्यकर्मीको सेवा सुविधाः- (**१) स्थायी स्वास्थ्यकर्मीः- नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब र स्थानीय गाउँ कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मीःप्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

**(३) अभियानकर्ता स्वयंसेविकाः-** पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाईएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराईनेछ।

**१८.स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्तिः-** (१) सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी गाउँपालिकाले निर्धारण गर्नेछ।

(२) दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरू रहने छन्। समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ।

(३) स्वास्थ्य संस्थामा भएको रिक्त दरबन्दी पदमा करारमा नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनोट समितिबाट हुनेछः

(क) गाँउपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई समितिको अध्यक्षः- संयोजक

(ख) गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतः- सदस्य

(ग) गाँउपालिकाको स्वास्थ्य शाखा प्रमुखः- सदस्य सचिव

(४) छनोट समितिले आफ्नो कार्यविधि आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

**१९. कर्मचारी सरुवाः-** (१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्नेछ। विशेष परिस्थिति बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत्त स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन्। यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत वा निजको काम गर्न अख्तियारी प्राप्त व्यक्तिले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी संगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ।

**(२०) कार्यसम्पादन करार सम्झौता गर्न सकिनेः-** (१) स्वास्थ्य सेवालाई प्रवाभकारी बनाउन कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गरिनेछ।

(२) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्न सकिनेछ।

(३) कार्य सम्पादन करार सम्झौता ६ महिनाको हुनेछ। करार सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(४) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ।

**२१. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कारः-** (१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्यांकन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गरिनेछ।

(२) कार्यसम्पादन सम्झौताको मूल्यांकन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेदः५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डार र वितरण सम्बन्धी व्यवस्था

**२२.वार्षिक खरिद योजना बनाउनु पर्नेः-** (१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुगमन र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ।

**२३. औषधी तथा स्वास्थ्य उपकरण खरिदः-** (१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य शाखाले प्रकृया अघि बढाउनेछ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गरिनेछ।

**२४. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारः-** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य शाखाले मिलाउनेछ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नु पर्नेछ। खरिद परिमाण निर्धारण सम्बन्धित वडा समितिले माग गरे बमोजिम २०% मा नबढाई गर्नुपर्नेछ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मुल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्नेछ।

(४) सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ

## परिच्छेदः- ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२५. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः-** (१) गाउँपालिकाले सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्ने सक्नेछ। स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने छ।

**२६. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनः**- (१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतना कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

## परिच्छेदः-७

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२७. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्नेः**- (१) गाउँपालिकाभित्रका कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(३) टिपोट गराएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ।

**२८. महामरी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने**:- (१) पालिका स्तरमा रोगको महामारी फैलिएको गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यन्त्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी गाउँपालिका, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ।

**२९. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**:- (१) सुर्ती तथा मदिराजन्य पदार्थको विक्री वितरणका लागि गाउँपालिका बाट छुट्टै अनुमति लिनु पर्नेछ।

(२) खाद्यय पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न बन्देज लगाईनेछ।

(३) सुर्ती, मदिराजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोकिनेछ

(४) विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ।

(५) खाद्यय पदार्थसँगै सूर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारबाही गर्न सक्नेछ

(६) लागु औषधको विक्री वितरण र ओसार प्रसार गरेको पाएमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले आवश्यक कारबाही गर्न सक्नेछ।

## परिच्छेदः-८

## विविध

**३०. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्याउनु पर्ने**:- स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पूरा गर्न संघीय तथा प्रादेशिक सरकारले सञ्चालन गरेको अभियानलाई गाउँपालिकाका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ।

**३१. नियमन गर्नु पर्ने**:- आमा समूह,धामी झाँक्री सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

**३२. प्रगति विवरण बुझाउनु पर्ने**:- गाउँपालिका क्षेत्रभित्रका कार्यरत्त स्वास्थ्य तथा सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ।

**३३. साझेदारी गर्न सक्ने**:- गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक सघं/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्ने छ।

**३४. खारेजी र बचाउ**:- यस ऐन अन्तर्गतका कुनै पनि दफा वा उपदफाहरु संघीय ऐन वा प्रदेश ऐन संग बाझिएको हकमा बाझिएको हदसम्म यस ऐनको दफा वा उपदफाहरु निस्कृय हुनेछन्।

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**